# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाण्डौ

मिति: २०७४/०२/०४ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

-------------------------------------------------------

छत्रेश्वर माध्यमिक विद्यालय, फलेडी, डोटीका लेखापाल दिपकराज जोशीले उक्त विद्यालयमा लेखापाल पदमा नियुक्ति हुने उद्धेश्यले प्रविणता प्रमाणपत्र तह वाणिज्यशास्त्रको नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी लेखापाल पदमा नियुक्त भई भ्रष्टाचार गरेकोले छानविन गरी आवश्यक कारवाही गरीपाउँ भन्ने व्यहोराको उजुरी उपर अनुसन्धान हुंदा निज लेखापाल दिपकराज जोशीले राष्ट्रसेवकको ओहोदामा शुरू नियुक्ति एवं बहाल हुने र लाभ, सुविधा लिने उदेश्यले उक्त नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिमको कसुर गरेको देखिएको हुंदा निज लेखापाल दिपकराज जोशीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौंमा आरोप-पत्र दायर गरिएको छ ।

कुनै पनि प्रकारको भ्रष्टाचारका सम्बन्धमा समयमै सत्य र यथार्थपरक सूचना उपलब्ध गराई आफ्नो हक अधिकार सुनिश्चित गर्नुका साथै भ्रष्टाचारजन्य गतिविधिको अन्त्य गरी भ्रष्टाचारमुक्त समाज निर्माण गर्ने गराउने साझा अभियानमा सक्रिय सहभागिता एवं सहकार्यका लागि आयोग सबैमा हार्दिक अनुरोध गर्दछ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता